# प्रेस विज्ञप्ति

## नेपालको निरीक्षण प्यानल बारे विश्व बैंकमा छलफल

वासिङ्टन, असार २८, २०७२- विश्व बैंक बोर्ड अफ एक्जिक्युटिभ डाइरेक्टर्सले नेपाल ऊर्जा विकास परियोजना (पीडीपी) को इन्स्पेक्सन प्यानल (निरीक्षण प्यानल) द्वारा तयार पारिएको अनुसन्धान प्रतिवेदनमाथि छलफल गरी प्यानलको निष्कर्षलाई ध्यान दिँदै व्यवस्थापन कार्ययोजना स्वीकृत गरेको छ । सो अनुसन्धान नेपालमा व्याप्त चरम ऊर्जा संकट समाधानका लागि निर्मित पीडीपीको २२० केभी खिम्ती-ढल्केबर प्रसारण लाइनसँग सम्बन्धित छ ।

बैंकको बोर्डले सन् २०१३ नोभेम्बरमा प्यानललाई अनुसन्धान अगाडि बढाउन स्वीकृति प्रदान गरेको थियो । “परियोजनाका कारण आफ्ना घर, जमीन र जिविकोपार्जन प्रभावित भएको” भएको भन्दै नेपालको सिन्धुली जिल्लास्थित तीनवटा गाउँका १०३ आदिवासी तथा गैरआदिवासी परिवारले दायर गरेको उजुरीको प्रतिक्रियास्वरुप अनुसन्धान गरिएको हो । उनीहरूको चिन्ता मूख्यतः परामर्श, सार्वजनीकरण, पुनर्वास, क्षतिपूर्ति तथा आदिवासी जनजातिका सवालहरूसँग सम्बन्धित थिए । प्यानलको प्रतिवेनदमा भनिएको छ, “बैंकले परियोजना तथा परियोजना क्षेत्रका विशिष्ट विशेषताहरूका अतिरिक्त नेपालको सुरक्षा अवस्थाबाट उत्पन्न अनेक् समस्या झेल्नुपर्‍यो ।” प्यानलद्वारा पहिचान गरिएका बैंकका नीति पालना नभएका घटना “बैंकको न्यून सक्रियता साथै नेपाल विद्युत् प्राधिकरण ( एनइए) को कमजोर क्षमताको परिणाम” भएको पनि यसले जनाएको छ ।

“विगतमा द्वन्द्वबाट गुज्रेका मुलुकहरूमा विश्व बैंकले कसरी काम गरिरहेको छ र हाम्रा परियोजनाहरुमा मानिसलाई निष्पक्ष ढंगबाट व्यवहार गरिएको छ भन्ने सुनिश्चित गर्न पालना गर्नुपर्ने उच्च मापदण्ड कायम गर्ने हाम्रो क्षमतालाई यसले कसरी प्रभावित पार्न सक्छ भन्ने दृष्टान्त नेपाल ऊर्जा विकास परियोजनाले दिएको छ,” विश्व बैंकका म्यानेजिङ डाइरेक्टर तथा चिफ अपरेटिङ अफिसर श्री मुल्यानी इन्द्रावतीले भन्नुभयो । “घटनाको गहन अनुसन्धानका लागि हामी निरीक्षण प्यानललाई धन्यवाद दिन चाहन्छौं र पहिचान गरिएका कमीकमजोरीहरूलाई हाम्रो बोर्ड अफ एक्जिक्युटिभ डाइरेक्टर्सद्वारा अनुमोदित व्यवस्थापन कार्ययोजना मार्फत सम्बोधन गरिने प्रतिबद्धता व्यक्त गर्दछौं ।”
परियोजनाबाट मानव स्वास्थ्यमा पर्नसक्ने प्रभावहरूलाई सम्बोधन गर्ने, अस्वेच्छिक पुनर्वासका लागि *एब्रेभियटेड रिसेटलमेन्ट एक्सन प्लान* अवलम्बन गर्ने, आदिवासी जनजातिका सम्बन्धमा आफ्नो नीति लागू गर्ने, तथा भौतिक सांस्कृतिक सम्पदाहरूसँग जोडिएका चिन्ता निराकरण गर्ने क्रममा बैंकले आफ्ना नीति सही ढंगबाट पालना गरेको प्यानलले पाएको छ । अर्कोतर्फ, प्रसारण लाइनको विवादित ३.८५ किलोमिटर खण्डको वैकल्पिक मार्गको अध्ययन, वातावरणीय मूल्यांकन सम्पन्न गर्न एनइएको संस्थागत क्षमताको विश्लेषण र वातावरणीय तथा सामाजिक अध्ययनका सुझाव

कार्यान्वयनका लागि यसको क्षमता विकास गर्ने सम्बन्धमा बैंक नीतिको "पालना नभएको" प्यानलले पाएको छ । नेपालमा द्वन्द्व समाप्त भएपछि *एब्रेभियटेड रिसेटलमेन्ट एक्सन प्लान (२००६)* अद्यावधिक नगर्नु, प्रभावित घरधुरीलाई छिटो तथा प्रभावकारी रुपमा क्षतिपूर्ति उपलब्ध नगराउनु, पुनर्वास तथा पुनर्स्थापना सहयोग सम्बन्धी व्यवस्थामा भएको असंगति र ढिलाइलाई सम्बोधन नगर्नु, प्रभावकारी तथा पहुँचयोग्य गुनासो सामाधान संयन्त्र स्थापना नगर्नु र पर्याप्त मात्रामा परामर्श प्रक्रियाको व्यवस्थापन नगर्नु प्यानलले पहिचान गरेका अन्य कमीकमजोरीहरू हुन् । "प्यानलले यस घटनाबाट सिक्न सकिने पाठहरूलगायत ऊर्जा क्षेत्रका लागि परिमार्जित नियमनकारी वातावरण, विशेषतः वातावरणीय तथा सामाजिक पक्षका सम्बन्धमा एनइएको क्षमता अभिबृद्धि, स्थानीय जनतासँग निकट सम्बन्ध स्थापित गर्नुपर्ने, पूनर्वास तथा गुनासो समाधान संयन्त्रको सावधानीपूर्ण तयारी तथा कार्यान्वयन र बैंक व्यवस्थापनबाट प्राप्त हुनुपर्ने सकारात्मक सहयोगको आवश्यकतामाथि जोड दिएको छ," प्यानल अध्यक्ष गोन्जालो क्यास्ट्रो डि ला माटाले भन्नुभयो, "बाँकी रहेका सवालको समाधान शान्तिपूर्ण रुपमा तथा समयमै पहिल्याइनेछ भन्नेमा हामी विश्वस्त छौं ।"

बाँकी रहेका सवाललाई सौहार्दपूर्ण वातावरणमा सुल्झाउने उद्देश्यले व्यवस्थापन कार्ययोजनालाई सहयोग गर्न नेपाली अधिकारीहरूसँगको सम्बन्धलाई निरन्तरता दिने बैंकको अभिलाषालाई सञ्चालक बोर्डले स्वागत गरेको छ । मुलुकको झण्डै एकतिहाई जनसंख्या अर्थात् ३०  जिल्लाका एक करोडभन्दा मानिस प्रभावित हुने गरी नेपालमा गत वैशाख र जेठ महिनामा गएका विनाशकारी भूकम्पहरूको पृष्ठभूमिमा सञ्चालक बोर्डले निरीक्षण प्यानलको समीक्षा गरेको हो । भूकम्पमा परी झण्डै ९,००० मानिसको ज्यान गएको थियो भने नेपालले मुलुकको अर्थतन्त्रको ३५ प्रतिशत क्षति ब्योर्हनुपरेको आँकलन गरिएको छ । निरीक्षण प्यानलको काम कारबाहीको केन्द्र रहेको सिन्धुली भूकम्पबाट अतिप्रभावित १४ जिल्लामध्ये एक हो । उक्त जिल्लामा झण्डै ३०,००० घर आशिंक वा पूर्ण रुपमा ध्वस्त भएका छन् । त्यसैले हालै स्वीकृत विश्व बैंकको २० करोड अमेरिकी डलर बराबरको भूकम्प आवास पुनर्निर्माण परियोजनाबाट लाभान्वित हुने प्राथमिकताप्राप्त जिल्लाहरूमध्ये सिन्धुली एक हो । "भूकम्पपछिको यस कठिन घडीमा म सम्पूर्ण नेपाली जनताप्रति बोर्ड, निरीक्षण प्यानल र व्यवस्थापनको तर्फबाट विश्व बैंकको सहानुभूति र सहयोग रहेको बचनबद्धता प्रकट गर्न चाहन्छु," इन्द्रावतीले भन्नुभयो, "विश्व बैंक समूहले नेपालका लागि ५० करोड अमेरिकी डलर आर्थिक सहयोग घोषणा गरेको छ र आगामी दिनमा उक्त सहयोग दुःख तथा पीडामा परेका व्यक्तिहरूसम्म पुग्ने गरी खर्च हुनेछ भन्ने सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं ।"

व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनमा भएको प्रगतिका बारेमा बैंकले एक बर्षको अवधिमा बोर्डसमक्ष प्रतिवेदन पेश गर्नेछ ।

सम्पर्कः
वासिङ्टनमाः अलेक्जेण्डर फर्गुसन
+१ (२०२), ४५८-४९५३, aferguson@worldbank.org
काठमाडौंमाः राजीव उपाध्याय
९७७-१-४२३६१०२, चगउबमजथब@worldbank.org